# मिथिला नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा

**मधेश प्रदेश, नेपाल**

### विज्ञापन कर सम्बन्धि १५ (पन्ध्र) दिने सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**पहिलो पटक प्रकाशित मितिः २०७९/०५/०७ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उप दफा २ (घ) मा विज्ञापन कर सम्बन्धी व्यवस्था भएको हुँदा यस न.पा. लाई ३ वर्षको लागि (प्रत्येक वर्षमा कबोल रकमको १०% का दरले बृद्धि हुने गरि) न.पा.का पार्क क्षेत्रहरु बाहेकका क्षेत्रहरुबाट विज्ञापन कर संकलन गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक व्यवसायी, फर्म वा कम्पनीहरुबाट निम्न शर्तको अधिनमा रहि विज्ञापन कर संकलन गर्ने कार्य गर्नुपर्ने भएकोले रितपूर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ।

शर्तहरुः

१. सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न इच्छुक व्यवसायी/फर्महरुले मान्यता/ईजाजत प्राप्त गरेको प्रमाण पत्र, स्थायी लेखा नं. एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७७/२०७८ को कर चुक्ता विवरण पेश गरेको कागजात तथा अन्य कुनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपिको साथै सिलबन्दी दरभाउपत्र खरिदको लागि निवेदन पेश गरि राजस्व उप शाखामा रु. १००० (अक्षरेपी एक हजार रुपैया मात्र) पछि फिर्ता नहुने गरि खरिद गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्दा नगदी रसिद र निवेदन समेत पेश गर्नु पर्नेछ ।

२. सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात दाखिला गर्दा सिलबन्दी दरभाउपत्र फाराममा उल्लेख भए बमोजिमको कागजातहरु अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. सिलबन्दी दरभाउपत्र फाराम तथा सूचनामा उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने दरभाउपत्र स्विकृत गरिने छैन ।

४. सिलबन्दी दरभाउपत्र फाराम भर्दा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ, अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ साथै केरमेट भएको ठाँउमा सहिछाप हुनु पर्नेछ । सिलबन्दी दरभाउपत्रको मूल्यांकन बढाबढ हिसाबले गरिनेछ ।

५. सिलबन्दी दरभाउपत्रको जमानत रकम माच्छापुच्छ्रे बैंक, ढल्केबर शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ११५००७९५८७१०००४१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको हुनु पर्नेछ । सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तीमा नब्बे दिन सम्म म्याद भएको बैंक जमानत समावेश भएको हुनु पर्नेछ । अन्यथा सिलबन्दी दरभाउपत्र अयोग्य मानिनेछ ।

६. सिलबन्दी दरभाउपत्र जुन फर्मको नामबाट खरिद भएको हो सोहि फर्मको नामबाट दर्ता गराउनु पर्नेछ ।

७. कुनै पनि कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र फाराम स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने वा नगर्ने वा अस्विकृत गर्ने रद्द गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

८. सिलबन्दी दरभाउपत्र फाराम र यस सूचनामा लेखिएका कुराहरुको हकमा यसै अनुसार र यसमा उल्लेखित नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन समेत) र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

९. कार्यालयको अधिकार प्राप्त अधिकारीको सहिछाप नभएको र कुनै पनि शर्त राखि पेश भएको दरभाउपत्र मान्य हुने छैन।

१०. आफुले खरिद गरको दरभाउपत्र रितपूर्वक भरि सूचना प्रकाशन भएको मितिले १६औं दिन (सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट) दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गराउनु पर्नेछ र रितपूर्वक दर्ता हुन आएका दरभाउपत्रहरु सो हि दिनको दिउसो ३.०० बजे यस कार्यालयमा खोलिनेछ ।

११. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाताको आधिकारिक व्यक्तीको सहि र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ ।

१२. सिलबन्दी दरभाउपत्र फाराम खरिद, दर्ता गर्ने समय र अन्य विवरण तपसिल अनुसार रहेको छ ।

| | | |
|---|---|---|
| सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र समयः २०७९/०५/२२ गते कार्यालय समय भित्र.। | सिलबन्दी दरभाउपत्र फाराम दर्ता गर्ने अन्तिम मिति र समयः २०७९/०५/२३ गते दिनको १२ बजे | सिलबन्दी दरभाउपत्र फाराम खुल्ने मिति र समयः २०७९/०५/२३ गते दिनको ३.०० बजे पछि |

| क्र. सं. | ठेक्का नं. | खरिद गर्नु पर्ने कामको विवरण | पहिलो वर्षमा न्युनतम कर संकलन गर्नु पर्ने (भ्याट सहित) | जमानत वापतको रकम | सिलबन्दी दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राजश्व ०१/०७९/०८० | विज्ञापन कर संकलन | रु. ५,००,०००।- | रु. २५,०००।- | रु. १,०००।- | सिलबन्दी दरभाउपत्र |

प्रमुख प्रशासकीय अधिकृत

"हाम्रो मिथिला हाम्रो शान; समृद्ध नगर हाम्रो अभियान"

वेभ साईटः www.mithilamun.gov.np

ईमेलः mithilamunicipality81@gmail.com